# भेरीगंगा नगरकार्यपालिका सदस्यहरूले बैठकमा पालना गर्नुपर्ने आचारसंहिता-२०७९

(नगर कार्यपालिका बैठकबाट पारित मिति : २०७९।०४।२२)

१. बैठकमा सबै सदस्यहरु तोकिएकै समय भित्र आईपुग्नुपर्ने ।

२. बाटोको कठिनाईले ढिलो आउनेहरुका लागि १५ मिनेट थप समय दिने र सो पछि बैठक सुचारु गर्ने ।

३. अपर्झट काम परि ढिलो आउनेले अग्रीम सूचना गर्नुपर्ने र बैठकमा अनुपस्थित हुनेले अग्रीम जानकारी गराउनुपर्ने ।

४. बैठकमा बस्दा लिखित उपस्थिति हुनुपर्ने ।

५. बैठक कक्ष भित्र तोकिएको स्थानमा बस्नुपर्ने ।

६. छलफलमा भाग लिंदा आफ्नो पालोमा मात्र आफ्नो भनाई राख्नुपर्ने ।

७. बिचमा आफ्नो भनाई राख्नुपर्ने भएमा अध्यक्षता गर्ने ब्यक्तिसँग अनुमति लिएर मात्र राख्नुपर्ने ।

८. कुनै जिज्ञासा तथा भनाई राख्दा अध्यक्षता गर्ने ब्यक्तिलाई सम्बोधन गरेर मात्र भनाई राख्नुपर्ने ।

९. बोल्दा शिष्ट शब्द मात्र प्रयोग गर्ने र समयको ख्याल गर्नुपर्ने ।

१०.अरुलाई नकारात्मक असर पार्ने खालका शब्दहरु प्रयोग गर्न नहुने ।

११. सबैले सबैलाई सम्मान र आदर गर्नुपर्ने ।

१२. बैठकमा अतिउच्च र अतिन्यून स्वरमा नबोली ठिक्क स्वरमा बोल्नुपर्ने ।

१३. एक जना बोलिरहेको बेलामा अर्को ब्यक्ति बोल्न नहुने ।

१४. कुनै ब्यक्तिले बैठकलाई अप्ठारो पर्ने गरी र आचारसंहिता उल्लंघन गर्ने गरी बोलेमा अध्यक्षता गर्ने ब्यक्तिले निजलाई बोल्नमा रोक लगाउन सक्ने ।

१५. बैठकमा सबैको सक्रिय सहभागिता हुनुपर्ने ।

१६. बैठकमा कसैको खण्डन मात्र गर्नुभन्दा सिर्जनात्मक बिषयलाई जोड दिनुपर्ने ।

१७. बैठकमा आ-आफ्नो जिम्माको नियमित रिपोटिं गर्नुपर्ने ।

१८. बैठक पश्चात छलफल तथा बहसका कुरा नभई निष्कर्षलाई मात्र बाहिर ल्याउनुपर्ने ।

१९. बैठकका निष्कर्षहरु बाहिर ल्याउदा नगरपालिकालाई आँच नआउने गरी उचित र सकारात्मक कुराहरु मात्र बाहिर ल्याउनुपर्ने ।

२०. कार्यपालिकाले गरेका निर्णयहरु कार्यपालिकाको प्रवक्ता वा कार्यालयको वेवसाइटमार्फत मात्र सार्वजनिक गरिनेछ । कार्यालयको गोपनियता भंग हुने गरी नगरपालिकालाई क्षति हुन गएमा सोही ब्यक्तिले क्षतिपूर्ती बेहोर्नुपर्ने ।

२१. हरेकले बैठकमा आउँदा केहि न केही रिपोर्ट ल्याउनुपर्ने र कार्यालयले गरेका राम्रा कार्यहरुको प्रचारप्रसार समुदायस्तरमा लैजानुपर्ने ।

२२. बैठकमा आउँदा प्रत्येकले आफ्नो डायरी ल्याउनुपर्ने र मुख्य र आबश्यक पर्ने कुराहरु टिपोट गर्नुपर्ने ।

२३. बैठकमा मोबाईल साईलेन्टमा राख्नुपर्ने र बैठक चलिरहेको बेलामा फोन उठाउनै पर्नेभएमा अध्यक्षता गर्ने व्यक्तिसँग अनुमति लिएर कक्ष बाहिर गएर मात्र उठाउनुपर्ने ।

२४. बैठकमा आउँदा कुनैपनि हालतमा धुम्रपान तथा मध्यपान गरी आउन नहुने ।

२५. कसैले माथिका आचारसंहिताहरु उल्लंघन गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने ।